# तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तुलसीपुर, दाङ
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/०८४
च.नं

मिति २०८३/०५/१०
ने.स ११४६

## ५० प्रतिशत मूल्य अनुदानमा उन्नत बीउ माग गर्ने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०५/१० गते**

प्रस्तुत विषयमा संघ, प्रदेश र स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउको उत्पादन,आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण गर्न वनेको **बीउ बिजन उत्पादन ,आपूर्ति तथा ब्यबस्थापन कार्यविधि २०८२** अनुसार आ.ब. ०८३/०८४ मा संघीय सशर्त बजेट मार्फत तुलसीपुर उपमहानगरपालिकालाई "खाद्यान्न बालिको उन्नत बीउ उपयोगमा अनुदान (धान,गहुँ)" कार्यक्रम अन्तर्गत उन्नत गहुँको बीउ वितरण कार्यक्रमका लागि **बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल ललितपुरबाट** मिति २०८३/०५/०५ गते प्रकाशित सूचना बमोजिम गहुँको उन्नत बीउ प्रयोगमा ५० प्रतिशत मूल्य अनुदान तथा तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखा तुलसीपुर दाङको चालु आ.व.०८३/०८४ को स्विकृत बार्षिक कार्यक्रम अनुसार **खाद्यान्न तथा तेलहनबालीको उन्नत बीउ वितरण कार्यक्रम** अन्तर्गत ५० प्रतिशत अनुदानमा उन्नत तोरीको बीउ वितरण कार्यक्रममा सहभागी हुन इच्छुक कृषि फर्म, कृषक समूह, सहकारीहरुले तपसिल अनुसार उन्नत जातको बीउ आवश्यक परिमाण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन ( २०८३/५/२४ गते ) भित्र तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखा तुलसीपुर दाङमा बीउ माग गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**उन्नत बीउको प्रयोगमा ५० प्रतिशत मूल्य अनुदान रहने बालि र जातहरु**

| क्र स | बालि | उन्नत जातहरु | उन्नत बीउको मूल्य (रु प्रति केजि | कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु प्रति केजि ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | गहुँ | गौतम ,, विजय, बाणगंगा | ७६ | ५० प्रतिशत | उन्नत गहुँको बीउ दर प्रतिकठ्ठा ४ के जि का दरले सिफारीस गरिएकोले सोहि बमोजिम माग गर्नुहुन । |
| २ | तोरी | उन्नती | | ५० प्रतिशत | उन्नत तोरीको बीउ दर प्रतिकठ्ठा ३५० ग्राम का दरले सिफारीस गरिएकोले सोहि बमोजिम माग गर्नुहुन |

**तपसिल**

१. आवश्यक परिमाण र जात खुल्ने गरी बीउ माग सहितको निवेदन ।
२. जग्गाधनी पुर्जाको प्रतिलिपी ।
३.कृषक समूह,सहकारी तथा फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४.कृषक समूह,सहकारीको बीउ माग गरेको निर्णय प्रतिलिपी ।
५. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

कुलराज चौधरी
कृषि अर्थ अधिकृत

तुलसीपुर उपमहानगरपालिकाको फोन : ०८२-५२०३२६/५२२२८३/५२०५८२/५२०२३३, वारुण यन्त्रः ०८२-५२०३०५
*ईमेलः tulsipursubmun2073@gmail.com/info@tulsipurmun.gov.np, वेबसाईटः www.tulsipurmun.gov.np*

**निवेदनको**

**ढाँचा**

श्री तुलसीपुर उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
तुलसीपुर ,दाङ

मितिः २०८३/५/

विषयः उन्नत बीउ उपलब्ध गराइदिने बारे ।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति २०८३/०५/१० गते प्रकाशित सुचना अनुसार **"खाद्यान्न बालिको उन्नत बीउ उपयोगमा अनुदान (धान ,गहुँ)"** कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा उन्नत गहुको वीउ वितरण र **खाद्यान्न तथा तेलहनबालीको उन्नत वीउ वितरण कार्यक्रम** अन्तर्गत ५० प्रतिशत अनुदानमा उन्नत तोरीको वीउ वितरण कार्यक्रममा सहभागी हुन कार्यक्रमको मापदण्ड तथा कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रहि तपसिल अनुसारको परिमाणमा बीउ उपलब्ध गराईदिनुहुन निम्न बमोजिमका कागजातहरु यसै पत्र साथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

तपशिल

| क स | बालिको नाम (सूचना वमोजिम ) | जात | परिमाण केजिमा | खेति गरिने क्षेत्रफल (कट्ठामा ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | तोरी | उन्नती | | | |
| २ | गहुँ | गौतम | | | |
| ३ | गहुँ | विजय | | | |
| ४ | गहुँ | बाणगंगा | | | |

**संलग्न कागजात**

१. जग्गाधनी पुर्जाको प्रतिलिपी ।
२.दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. बीउ माग गरेको निर्णय प्रतिलिपी ।
४. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

**निवेदक**
दस्तखत
नाम :
ठेगानाः
सम्पर्क न.
संस्थाको छाप